# देउमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मंगलबारे, इलाम

पत्र संख्या :-०७४/०७५ | प्रदेश नं १, नेपाल
चलानी नं. :-. | मिति:- २०७५।३।११

प्रथम पटक प्रकाशित मिति २०७५।३।११

## हाट बजार पसल कर,सवारी कर तथा सेवा शुल्क असुली ठेक्काको बोलपत्र आव्हान गरीएको सुचना

बोलपत्र आव्हान गरिएको सूचना

यस देउमाई नगरपालिका क्षेत्रभित्र पर्ने देउमाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय, मंगलबारे इलामले निर्धारण गरेको दररेटमा विभिन्न वस्तुहरुमा लगाइने हाट बजार पसल कर सवारी कर तथा सेवा शुल्क मिति २०७५ साल श्रावण १ गते देखि २०७६ साल आषाढ मसान्त सम्मकालागि ठेक्का दिइने भएकोले इच्छुक व्यक्ति वा फर्महरुलाई देहायको शर्त बमोजिम हुने गरी बोलपत्र दिन यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. बोलपत्र फाराम वापत् प्रति फाराम रु२५०० दुई हजार पाँचसय मात्र (पछि फिर्ता नहुने गरी ) यो सूचना प्रकाशित भएको मितिले १५( पन्ध्र) औ दिनको १ बजे सम्म यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) औ दिनको २ बजे भित्र कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गराई सक्नु पर्ने छ र सोही दिनको २:३० बजे कार्यालयका तथा ठेकेदारको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ ।

३. बोलपत्र शिलबन्दी हुनुपर्ने छ र बाहिरपट्टी बोलपत्र खरिदकर्ताको नाम ठेगाना र हाट बजार पसल कर , सवारी कर,सेवा शुल्क,बोलपत्र भनी लेखेको हुनुपर्ने छ ।

४. ठेक्काको न्यूनतम अंक रु १४३००००(चौध लाख तिस हजार) मात्र रहने छ ।

५. न्यूनतम अंक माथी सबैभन्दा बढी अंकलाई स्वीकृत गरिने छ ।

६.ठेक्का रकम,अकं र अक्षर दुवैमा लेखिएको हुनुपर्ने छ । अकं र अक्षर फरक पर्न गएमा अक्षर लेखिएकोलाई मान्यता दिइने छ ।

७. केरमेट भएको अकं र अक्षरको मान्यता हुने छैन ,उक्त बोलपत्र उपर कारबाही हुने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार नगरकार्यपालिकामा निहित हुनेछ ।

९.दररेट नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

१०.कबोल गरेको अंको ५ प्रतिशतले हुन आउने रकम नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक धरौटी खाता नं. ०६०११०११५१६०३०४१ खातामा जम्मा गरेको बैंक भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्ने छ ।

११. कर असुल गर्ने क्षेत्र चमैता,राँके,देउराली,बाघखोर,रक्से-त्रिवेणी -मेचि राजमार्ग बाहेक)शान्तिडाडा,धुसेनी ,मंगलबारे, गाग्रेभञ्याङ,साङरुम्बा ७,८,९जितपुर र सिद्धिथुम्का रहने छन्।

१२. न्युनतम अकंको पाँच प्रतिशत रकम ठेक्का खोल्नु अगाडी नै बुझाउनुपर्ने तथा उच्चतम अकं बोली ठेक्का सकार नगरे उक्त रकम जफत गरिनेछ ।

सुर्य प्रसाद पोखेल
नगर प्रमुख

नगर प्रमुख